ठेकेदारको बदमासी

# ठेक्का लिएर चार वर्षदेखि कर्णालीका आठ प्रहरी भवन अलपत्र



**हेमन्त केसी**

वीरेन्द्रनगर- कर्णाली प्रदेश सरकारको झन्डै २५ करोड रुपैयाँबाट निर्माण भइरहेका आठ प्रहरी भवन अलपत्र परेका छन् ।

प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले आर्थिक वर्ष २०७६/०७७ को बजेटबाट प्रहरी इकाइको भवनसहित मेस, ब्यारेक, शौचालय, खानेपानीलायत निर्माणको ठेक्का खोलेको थियो । सबै व्यवसायीले ठेक्का सम्झौता गरेसँगै २० प्रतिशत पेश्कीसमेत लिइसकेको प्रदेश प्रहरी कार्यालयअन्तर्गतको भौतिक पूर्वाधार महाशाखाका डीएसपी सुमन दाहालले बताए । आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव पुष्पराज शाहीले प्रदेशभित्रका प्रहरी इकाइहरुको पूर्वाधार विकासलाई प्राथमिकता दिइएको बताए ।

जिल्ला प्रहरी डोल्पाको ब्यारेक भवन र मेस निर्माणका लागि तुल्सीभक्त/क्याभान जेभीले तीन करोड १४ लाख रुपैयाँमा २०७६ जेठ २४ गते सम्झौता गरे पनि हालसम्म काम पूरा भएको छैन । २०७७ जेठ २३ गते निर्माणको काम सम्पन्न गर्नुपर्ने भए पनि हालसम्म मुस्किलले ४० प्रतिशत काम गरेर बीचमै अलपत्र पारिएको छ । प्रहले भवनको अभावमा अहिले टिन र त्रिपाल हालेर मेस र ब्यारेकको काम चलाइरहेको डोल्पाका प्रहरी प्रमुख डीएसपी हरिकृष्ण केसीले जानकारी दिए । मेस र ब्यारेकका लागि अहिले दुईवटा टिनको टहरा र एउटा त्रिपाल राखेर प्रहरीलाई खाना खुवाउने र बसोबासको व्यवस्था गरिएको उनको भनाइ छ ।

त्यस्तै एमके/देवसिंह जेभीले २०७६ जेठ २९ गते पाँच करोड ४५ लाख रुपैयाँमा जिल्ला प्रहरी जुम्लाको कार्यालय, ब्यारेक, मेस र शौचालय निर्माणका लागि सम्झौता भए पनि हालसम्म काम हुन सकेको छैन । २०७७ जेठ २८ भित्र सम्पन्न गरिसक्नु सम्झौतामा उल्लेख भएको कामको हालसम्म भौतिक प्रगति १८ प्रतिशत रहेको छ ।

> पाँच करोड ४५ लाख रुपैयाँमा जिल्ला प्रहरी जुम्लाको कार्यालय, ब्यारेक, मेस र शौचालय निर्माणका लागि सम्झौता भए पनि हालसम्म काम हुन सकेको छैन ।

जुम्लाका डीएसपी छेदिलाल कामतीले २०३४ सालमा बनेको जीर्ण भवनमा किलाकोच गरेर कामकाज गरिरहेको बताए । कालिकोटको इलाका प्रहरी कार्यालय थिर्पु दुई करोड ६१ लाखमा गाल्भा/क्याराभान/सुपरस्टार जेभीले, डोल्पाको प्रहरी चौकी धोमा पनि क्याराभानले नै तीन करोड ७५ लाखमा र कालिकोटको इलाका प्रहरी कार्यालय रास्कोट दुई करोड ६१ लाखमा न्यू ड्राइगन निर्माण सेवाले बनाउने जिम्मा लिए पनि हालसम्म सबै भवन अलपत्र अवस्थामा छन् । यी सबै भवन निर्माण गर्ने भन्दै २०७६ जेठ र असारमा सम्झौता भए पनि अलपत्र रहँदै आएको अवस्था छ । सबैको भवन निर्माण गनुपर्ने मिति २०७७ जेठ मसान्तसम्म रहे पनि काम नहुँदा समस्या हुँदै आएको प्रहरीको भनाइ छ । प्रहरी चौकी धोमा भौतिक प्रगति तीन प्रतिशत रहेको छ । हुम्लाको मौलाकवाडी प्रहरी चौकी तीन करोड तीन लाखमा क्याराभान/सुपरस्टार जेभीले, मुगुस्थित प्रहरी चौकी कालैमा दुई करोड ८६ लाखमा अमर/मजदुर जेभीले र प्रहरी चौकी हिल्सामा धुलिखेल/निसान जेभीले दुई करोड ३६ लाखमा ठेक्का लिएकोमा यी तीनवटै काम ३५ प्रतिशतमात्र भएको पाइएको छ । सबै ठेक्का २०७७ असार पहिलो सातासम्म निर्माण सक्नेगरी सम्झौता भएको थियो ।

गत वर्षको जाजरकोट भूकम्पका कारण पुराना प्रहरी भवनमा क्षति पुगेकाले पनि विभिन्न प्रहरी इकाइको बसाइ असहज बनेको कर्णाली प्रदेश प्रहरी कार्यालयका निमित्त प्रमुख (एसएसपी) शिवकुमार श्रेष्ठले बताए । अधिकांश भवन निर्माणमा क्याराभान जोडिएको छ । क्याराभानले अन्य दर्जनौ ठाउँमा ठेक्का अलपत्र पार्दै आएको छ ।

# गेटामा सुविधा सम्पन्न भवन, डाक्टर आवास बाहिरै

**मुकेश चौधरी**



धनगढी- गेटामा २९ वटा सुविधा सम्पन्न भवन ठडिएको भए पनि गेटा अस्पतालका डाक्टर लगायतका स्वास्थ्यकर्मीको आवास भाडाको घरमा छ ।

चिकित्सक लगायत स्वास्थ्यकर्मीको आवासका लागि अस्पताल परिसरमै १२ वटा भवनमा ९० वटा सुविधा सम्पन्न फ्यामिली अपार्टमेन्ट छन् । तर गेटा अस्पतालले मासिक सवा लाख रुपैयाँ खर्च गरेर भाडामा घर लिएको छ । शिक्षा मन्त्रालयले आवासका लागि बनाइएका भवन अस्पताललाई भोगाधिकार नदिएको हुनाले अस्पतालले तीन वटा भवन भाडामा लिएको छ । घर भाडावापत मासिक एक लाख २७ हजार रुपैयाँ भुक्तानी गर्ने गरेको अस्पतालका सूचना अधिकारी नैनसिंह कार्कीले बताए । उनले एउटा घर गेटामै र दुई घर धनगढीमा भाडामा लिएको बताए ।

अस्पतालका निर्देशक र केही डाक्टर धनगढीमा भाडा लिएको घरमा बस्दै आएका छन् भने केही मेडिकल अफिसर र कर्मचारी गेटामा भाडा लिइएको घरमा बस्दै आएका छन् । सूचना अधिकारी कार्कीले १५ जनाका लागि भाडामा घर लिएको बताए । उनले केही नर्सिङ स्टाफ र तीनजना मेडिकल अफिसर अस्पतालकै कुरुवा घरमा एक/एक कोठा लिएर बस्दै आएको बताए ।

शिक्षा मन्त्रालयले ६ सय बेडको मेडिकल कलेज सञ्चालन गर्ने उद्देश्यका साथ कैलालीको गोदावरी-५, गेटामा २९ वटा ठूला र १३ वटा साना गरी भवनसहित ४२ वटा भवन निर्माण भएको छ । यीबाहेका अन्य १२ वटा संरचना पनि तयार छन् । भवनलगायतका यी सबै संरचना निर्माण सम्पन्न दुई वर्ष भए पनि प्रयोग नहुँदा झोल्लिएका छन् । भित्रपट्टि माकुराले जालो हाल्नुका साथै धुलोमाटो फोहोर भएको छ । बाहिर झार उम्रिएर जंगल बन्न थालेको छ ।

आवासका लागि मात्रै १३ वटा भवन तयार भएको छ । जसमध्ये एउटा कुरुवा आवासका लागि बनाइएको छ भने १२ वटा भवन डाक्टर, प्रोफेसर, नर्सिङ स्टाफलगायत स्वास्थ्यकर्मीको परिवारसहित बस्न मिल्ने फ्यालटसहितको भवन तयार छ । १२ भवनमा ९० फ्यामिली क्वाटर बनाइएको गेटा मेडिकल कलेज भवन विकास निर्माण समितिका इन्जिनियर पवन रावलले बताए । उनका अनुसार १६ फ्ल्याट प्रोफेसर, ३२ फ्ल्याट एसिस्टेन्ट एसोसियट प्रोफेसर, ३२ फ्ल्याट डाक्टर र बाँकी अन्य स्वास्थ्यकर्मीको लागि डिजनाइन गरिएको बताए ।

नेपाल सरकारले गेटामा २०७९ कात्तिक १ गतेदेखि सो संरचनामा ५० शैयाको अस्पताल सञ्चालन गरेको छ । अस्पताल सञ्चालनपछि पाँचवटा अस्पताल भवन र एउटा कुरुवा घर शिक्षा मन्त्रालयले अस्पताललाई भोगाधिकार दिएको छ । आवास भवनको भोगाधिकार प्राप्त नभएकाले डाक्टर र स्वास्थ्यकर्मीका लागि भाडामा घर लिन परेको सूचना अधिकारी कार्कीले बताए । उनले शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालयलाई बोधार्थ राखी पटक पटक भौतिक पूर्वाधार विकास निर्माण समितिलाई आवास भवनको भोगाधिकार दिन पत्राचार गरे पनि कुनै जवाफ नआएको बताए ।

तर, समितिका सदस्य सचिव तथा कैलाली जिल्ला शिक्षा समन्वय इकाईका प्रमुख इश्वरीप्रसाद ज्ञवालीले भोगाधिकार दिनका लागि स्पष्ट कानुनी व्यवस्था नभएको र गेटामा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयल सञ्चालन गर्न संसद्मा विधेयक विचाराधीन अवस्थामा रहेकाले अस्पताललाई भवन दिन नसकिएको बताए । उनले संसद्बाट सो विधेयक पारित भइसकेपछि उक्त संरचनामा शिक्षा मन्त्रालय अन्तर्गत नै सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयल हुने बताए ।

अस्पतालले भवन माग गरी पत्र पठाए पनि स्पष्ट खाकासहित प्रस्ताव नगरेको बताए । उनले शिक्षा मन्त्रालय अन्तर्गत नै विश्वविद्यालय सञ्चालन गर्ने कानुनी आधार तयार भइरहेकाले तत्काल अस्पताललाई भवन दिँदा कनिष्ठ चिकित्सकले आवास ओगट्ने र पछि गएर प्रोफेसरका लागि आवास व्यवस्थापनमा समस्या आउने भएकाले पनि समितिले अस्पताललाई भवन उपलब्ध गराउन नसकेको बताए ।

अस्पतालले अर्थो, गाइनोकोलोजी, सर्जरी, फिजिसियन, ईएनटीको बहिरंग सेवा दिइरहेको छ । बहिरंग सेवा लिन आएका बिरामीलाई भर्ना गरेरसमेत उपचार सेवा दिइरहेको सूचना अधिकारी कार्कीले बताए । अस्पतालले डेढ वर्षदेखि सो सेवा दिइरहेको भए पनि गेटामा उपचार गराउन आउने विरामी संख्या न्यून छ ।

गेटामा अस्पताल, कलेज, अडिटोरियम, चिकित्सक तथा प्रोफेसर आवास, छात्राबास, फोहोर व्यवस्थापन केन्द्र, खानेपानी, ढल निकास लगायतका भव्य संरचना निर्माण गरिएको छ । ती संरचना निर्माणका लागि नेपाल सरकारले पौने सात अर्ब रुपैयाँ खर्च गरिसकेको छ भने कतिपय संरचना अझै निर्माण भइरहेका छन् । रंगरोगनसहित सबै खाले निर्माण सम्पन्न भएका संरचना वर्षौंदेखि प्रयोगविहीन छ । निर्मित संरचना प्रयोगका लागि गेटामा अस्पताल खोलिएपछि शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालय तथा यी मन्त्रालय मातहतका निकायबीच रस्साकस्सी चलिरहेको छ ।

विश्वविद्यालय सञ्चालनका लागि राष्ट्रिय सभाबाट सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक पारित भइसकेको छ भने प्रतिनिधिसभामा छलफलकै क्रममा छ । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले दफावार छलफल गरिरहेको छ । समितिको सोमबार बसेको बैठकमा शिक्षा र स्वास्थ्य मन्त्रालयलाई सो विश्वविद्यालय सञ्चालनमा मिलाउन दुईजना सहकुलपति राख्ने सहमति जुटेको छ । विश्वविद्यालयको कार्यकारी भूमिकामा उपकुलपति रहने र कुलपति तथा प्रधानमन्त्री शेरोमोनियल रहेन व्यवस्था विधेयकले गरेको छ ।

## नबिल म्युचुअल फण्ड
### अन्तर्गत सञ्चालित
## नबिल ब्यालेन्सड् फण्ड ३

धितोपत्र सम्बन्धि ऐन, २०६३ तथा सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट मिति २०७८/०४/२९ मा योजना संचालन अनुमति प्राप्त मिति २०७८/०६/०७ देखि मिति २०८८/०६/०६ सम्म अवधि भएको १० वर्षे योजना

### २०८१ फागुन मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मुल्य सम्बन्धी विवरण

| विवरण | यस मासिक मसान्तसम्म रकम (रु.) | गत मासिक मसान्तसम्म रकम (रु.) |
|---|---|---|
| **सूचीकृत धितोपत्रमा लगानी** | | |
| शेयर | १,१०५,११४,४१६ | १,११३,४४४,९८५ |
| ऋणपत्र | १५१,७६९,६६८ | १५५,०७२,२४० |
| **सूचीकृत नभएका धितोपत्रमा लगानी** | | |
| शेयर | १०,१३२,०१८ | ७,११९,४७७ |
| ऋणपत्र | - | - |
| **मुद्दती निक्षेपमा लगानी** | | |
| मुद्दती निक्षेप | - | - |
| **कुल लगानी (क)** | **१,२६७,०१६,१०२** | **१,२७५,६३६,७०२** |
| **चालु सम्पत्ति** | | |
| बैंक मौज्दात | १६०,४१७,२९२ | १३२,४५५,१४३ |
| अन्य सम्पत्ति | १४,७८५,१३५ | २,६७९,६३५ |
| **जम्मा (ख)** | **१७५,२०२,४२७** | **१३५,१३४,७७८** |
| **चालु दायित्व** | | |
| चालु दायित्व | ४८,१२० | १२३,१५५ |
| **जम्मा (ग)** | **४८,१२०** | **१२३,१५५** |
| **कुल सम्पत्ति (क+ख-ग)** | **१,४४२,१७०,४०९** | **१,४१०,६४८,३२५** |
| योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क | ३,९१६,२९९ | १,९७१,०४३ |
| **खुद सम्पत्ति** | **१,४३८,२५४,११०** | **१,४०८,६७७,२८२** |
| जम्मा जारी इकाई संस्या | १२५,०००,००० | १२५,०००,००० |
| **प्रति इकाई खुद सम्पत्ति मुल्य** | **११.५१** | **११.२७** |

आय व्यय सम्बन्धी विवरण

| विवरण | यस मासिक मसान्तसम्म रकम (रु.) | गत मासिक मसान्तसम्म रकम (रु.) |
|---|---|---|
| **आम्दानी** | | |
| व्याज आम्दानी | ८,०६३,२४९ | ७,८८१,७७९ |
| लाभांश आम्दानी | ८,१४८,५३९ | ६,९८०,२९० |
| धितोपत्र बिक्रिबाट लाभ/(नोक्सान) | ९३,५५५,१०१ | ६६,४९९,४४५ |
| प्राप्त भइनसकेको आम्दानी/(नोक्सानी) | १११,४०२,७८६ | १०७,९९८,२८३ |
| अन्य आम्दानी | ६,८६४ | ९८४ |
| **जम्मा आम्दानी** | **२२१,१७६,५३९** | **१८९,३६०,७८१** |
| **खर्च** | | |
| सूचना तथा प्रकाशन खर्च | २४१,८२० | २१४,७०० |
| बैंक शुल्क | १,९७० | १,६९३ |
| कोष सुपरीवेक्षक वैठक खर्च | ४,६६७ | ४,६६७ |
| वार्षिक शुल्क (नेप्से तथा सिडियस) | २२०,००० | २२०,००० |
| धितोपत्र कारोबार (खरीद) खर्च | ८८१,९८६ | ७१५,७१० |
| योजना व्यवस्थापक शुल्क | १४,०७१,८२१ | १२,३५५,४१९ |
| डिपोजीटरी शुल्क | १,८७६,२४३ | १,६४७,३८९ |
| कोष सुपरीवेक्षक शुल्क | ८००,००० | ७००,००० |
| **जम्मा खर्च** | **१८,०९८,५०७** | **१५,८५९,५७८** |
| **कुल नाफा/(नोक्सान)** | **२०३,०७८,०३२** | **१७३,५०१,२०३** |

नोट: १. सूचीकृत तथा सूचीकृत नभएका शेयर, ऋणपत्र तथा मुद्दती निक्षेप समेत गरी २०८१ फागुन मसान्तमा यस योजनाको लगानीको किताबी मूल्य (NFRS बमोजिम) रु.१,१५५,६१३,३१६।६३ रहेको छ ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरिएको छ ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइट www.nabilinvest.com.np मार्फत सार्वजनिक गरिएको छ ।

सूचीकृत धितोपत्र (शेयर तथा सामूहिक लगानी योजना) मा भएको लगानी विवरण

| क्र.सं. | विवरण | संख्या | मुल्यांकन रकम (रु) |
|---|---|---|---|
| | **वाणिज्य बैंक समूह** | | |
| १ | कृषि विकास बैंक लिमिटेड | ४६,२८० | १३,५६०,०४० |
| २ | सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड | ८१,३८९ | १७,२७८,८८५ |
| ३ | ग्लोबल आइएमई बैंक लिमिटेड | ६३,३२८ | १४,२८६,७९७ |
| ४ | हिमालयन बैंक लिमिटेड | २९,०५९ | ७,००३,२१९ |
| ५ | कुमारी बैंक लिमिटेड | ६२,५८१ | १३,१४२,०१० |
| ६ | माछापुच्छ्रे बैंक लिमिटेड | ५४,१६९ | १२,४५८,८७० |
| ७ | एनआईसी एसिया बैंक लिमिटेड | ५६,०५३ | २१,५२४,३५२ |
| ८ | नेपाल बैंक लिमिटेड | ६७,३३६ | १७,१०३,३४४ |
| ९ | नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | ६०,८९७ | १३,३९७,३४० |
| १० | प्रभु बैंक लिमिटेड | ५०,००० | १०,९७५,००० |
| ११ | प्राईम कमर्सियल बैंक लिमिटेड | ४३,४११ | ११,२४३,४४९ |
| १२ | सानिमा बैंक लिमिटेड | ३३,३९८ | १०,२५३,१८६ |
| | जम्मा | **६४७,५०१** | **१६२,२२६,४५२** |
| | **विकास बैंक समूह** | | |
| १ | गरिमा विकास बैंक लिमिटेड | २८,००० | ११,५५२,८०० |
| २ | ज्योति विकास बैंक लिमिटेड | ४४,५१३ | १६,३७६,३३३ |
| ३ | कामना सेवा विकास बैंक लिमिटेड | २३,३१७ | १०,७७२,४५४ |
| ४ | लुम्बिनी विकास बैंक लिमिटेड | ३६,६०७ | १६,९४९,०४१ |
| ५ | महालक्ष्मी विकास बैंक लिमिटेड | ९३६ | ४३७,९५४ |
| ६ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | १७,७९५ | १२,०३२,९७९ |
| ७ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ५२,२११ | १९,८४७,७८० |
| ८ | साङ्ग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ५९,९२८ | २६,०३२,७२३ |
| ९ | साइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड | २३,६९० | १०,२८१,४६० |
| | जम्मा | **२८७,०१७** | **१३४,२८३,५२४** |
| | **फाइनान्स समूह** | | |
| १ | मञ्जुश्री फाइनान्स लिमिटेड | २२,५८२ | १४,१५८,९१४ |
| | जम्मा | **२२,५८२** | **१४,१५८,९१४** |
| | **लघुवित्त समूह** | | |
| १ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | १८,२९८ | १५,८४६,०६८ |
| २ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | १४,४६४ | ११,६७२,४४८ |
| ३ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | १२,७९१ | १०,२७१,१७३ |
| ४ | फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड | ४,८७२ | ६,११४,३६० |
| ५ | ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १०,१७९ | ८,६४१,९७१ |
| ६ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड | ८,१८३ | ९,४५१,३६५ |
| ७ | मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | १३,२४० | १०,०३५,९२० |
| ८ | नेशनल माइक्रोफाइनान्स वित्तिय संस्था लिमिटेड | ३,८८९ | ५,०२२,६४४ |
| ९ | नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | १४,१८८ | ९,५११,६३५ |
| १० | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ६,७०८ | ४,६१५,१०४ |
| ११ | आरएसडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड | १,६४२ | १,१४९,४०० |
| १२ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | ४१ | ९०,५६९ |
| १३ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ३०,३३७ | २४,९०६,६७७ |
| १४ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ७,७९५ | ६,७३०,९८३ |
| १५ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड - संस्थापक | ३१,६३४ | ६,५८९,६७९ |
| १६ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ७,८०१ | ७,६५२,७८१ |
| | जम्मा | **१८६,०६२** | **१३८,३०२,७७६** |
| | **जीवन बीमा समूह** | | |
| १ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २७,५६० | २१,२२१,२०० |
| २ | गार्जियन माईक्रो लाईफ इन्स्योरेन्स लिमिटेड | २,९०८ | ५,७०२,५८८ |
| ३ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ८४,१०० | ३६,७५१,७०० |
| ४ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड | १ | १,१०२ |
| ५ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ३८,८०२ | २४,९४५,८०६ |
| ६ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | २०,०७१ | ११,४४०,४७० |
| ७ | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | १३,५०० | ९,४५२,७०० |
| ८ | सुर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २३,००५ | १०,५३६,२९० |
| | जम्मा | **२०९,९४७** | **१२०,०५१,८५६** |
| | **निर्जिवन बीमा समूह** | | |
| १ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | २५,३६५ | १६,१५७,५०५ |
| २ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड | ५७,२६४ | ३४,८१६,५१२ |
| ३ | नेको इन्स्योरेन्स कम्पनी लिमिटेड | २३,७२२ | १८,३८४,५५० |
| ४ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | २१,१०६ | २०,९७९,३६४ |
| ५ | प्रभु इन्स्योरेन्स लिमिटेड | १७,००० | १८,१५६,००० |
| ६ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड | २४,३२४ | १७,७३२,१९६ |
| ७ | सानिमा जीआईसी इन्स्योरेन्स लिमिटेड | २७,३२१ | १८,६३२,९२२ |
| ८ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | २९,०४६ | २३,३८२,०३० |
| ९ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | १२,५०० | १०,७१२,५०० |
| १० | युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | ३१,११० | २०,८१२,५९० |
| | जम्मा | **२६८,७५८** | **१९९,७६६,१६९** |
| | **जलविद्युत समूह** | | |
| १ | अपि पावर कम्पनी लिमिटेड | ३४,००० | ९,६२२,००० |
| २ | अरुण काबेली पावर लिमिटेड | ३२,५०० | ७,६८३,००० |
| ३ | अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ६५,००० | १७,०३०,००० |
| ४ | बुटवल पावर कम्पनी लिमिटेड | २९,८३५ | १२,०२३,५०५ |
| ५ | ग्रीन भेन्चर्स लिमिटेड | २७,९०५ | १३,७५७,१६५ |
| ६ | हिमालयन पावर पार्टनर लिमिटेड | १२,०१० | ७,२०६,००० |
| ७ | नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड | २५,००० | ५,४००,००० |
| ८ | न्यादी हाईड्रोपावर लिमिटेड | १५,००० | ८,७००,००० |
| ९ | पञ्चकन्या माई हाइड्रोपावर लिमिटेड | १४,२८० | ४,३९८,२४० |
| १० | पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड | २५,००० | १७,२१२,५०० |
| ११ | राधी विधुत कम्पनी लिमिटेड | २१,८८६ | ८,७०४,०६२ |
| १२ | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | १८,००० | ७,२७२,००० |
| १३ | रिडी पावर कम्पनी लिमिटेड | १३,००० | ३,००३,००० |
| १४ | सामलिङ्ग पावर कम्पनी लिमिटेड | १५,००० | ८,५८०,००० |
| १५ | सानिमा मिडल तमोर हाइड्रोपावर लिमिटेड | १४,७१२ | ८,०६२,१७६ |
| | जम्मा | **३६३,१२८** | **१३८,६५३,६४८** |
| | **उत्पादन तथा प्रशोधन समूह** | | |
| १ | हिमालयन डिष्टिलरी लिमिटेड | १६,८९९ | २०,५३०,५९५ |
| २ | सर्वोत्तम सिमेन्टस् लिमिटेड | ५,८८३ | ४,७७८,७६१ |
| ३ | शिवम् सिमेन्ट लिमिटेड | ९,७७० | ५,३०५,११० |
| | जम्मा | **३२,५५२** | **३०,६१४,४६६** |
| | **होटेल तथा पर्यटन समूह** | | |
| १ | ओरियन्टल होटल लिमिटेड | ३,४८८ | ३,२२९,८८८ |
| २ | सोल्टि होटेल लिमिटेड | ११ | ५,३८५ |
| | जम्मा | **३,४९९** | **३,२३५,२७३** |
| | **लगानी समूह** | | |
| १ | सिइडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ६१६ | १,४१०,६४० |
| २ | नागरिक लगानी कोष | १६,४४८ | ३२,८६३,१०४ |
| ३ | जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड | ५८,९५० | १६,३४६,८३५ |
| ४ | एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | ५,६०० | ८,१६४,८०० |
| | जम्मा | **८१,६१४** | **५८,७८५,३७९** |
| | **सामुहिक लगानी कोष समूह** | | |
| १ | ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड - १ | ४२५,००० | ४,१७७,७५० |
| २ | हिमालयन ८०-२० | ३५०,००० | ३,५६३,००० |
| ३ | कुमारी धनबृद्धि योजना | २५०,००० | २,३३५,००० |
| ४ | एनआईबिएल ग्रोथ फण्ड | ५००,००० | ४,२९०,००० |
| ५ | एनआईबिएल स्टेबल फण्ड | २५०,००० | २,०७५,००० |
| ६ | एनआईसी एसिया फ्लेक्सी क्याप फण्ड | २५०,००० | २,२७७,५०० |
| ७ | एनआईसी एसिया ग्रोथ फण्ड २ | २५०,००० | २,२५०,००० |
| ८ | एनएमबि सुलभ इनभेष्टमेन्ट फण्ड - २ | २५०,००० | २,५७०,००० |
| ९ | प्रभु स्मार्ट फण्ड | २५०,००० | २,६१२,५०० |
| १० | सिद्धार्थ इक्वीटी फण्ड | १८५,२०० | १,८३३,४८० |
| ११ | सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम ३ | २५०,००० | २,४५०,००० |
| १२ | सनराइज फर्स्ट म्युचुअल फण्ड | ५००,००० | ५,११०,००० |
| १३ | सनराइज फोकस्ड इक्विटी फण्ड | १,२५०,००० | ११,६२५,००० |
| | जम्मा | **४,९६०,२००** | **४७,१६९,२३०** |
| | **अन्य समूह** | | |
| १ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | २४,००० | २४,७७०,४०० |
| २ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | ४,००० | ६,६००,००० |
| ३ | नेपाल दुरसंचार कम्पनी लिमिटेड | १६,८२६ | १५,३९५,७९० |
| ४ | नेपाल पुर्नबिमा कम्पनी लिमिटेड | १५,००० | १९,६१७,००० |
| ५ | नेपाल वेरहाउजीङ्ग कम्पनी लिमिटेड | १,५०० | १,४८३,५०० |
| | जम्मा | **६१,३२६** | **६७,८६६,६९०** |
| | **कुल** | **७,१२४,५८६** | **१,१०५,११४,४१६** |

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)

योजना व्यवस्थापक तथा डिपोजिटरी :
**नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड**
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं
फोन नं. ४५११६०४, ४५११७३३, फ्याक्स नं. ४५१०५५४
Email: info@nabilinvest.com.np
Url: www.nabilinvest.com.np

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१ साल चैत महिना १४ गते बिहीबार)

यस विकास बैंकको शाखा कार्यालय खोलेसिमलबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**क) कर्जा शिर्षक : व्यावसायीक आवधिक कर्जा तथा फ्लेक्जी व्यावसायीक आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **होटल ब्लु स्काई** प्रोप्राईटरको नाम : राम नाथ लम्साल प्रा.फ.द.नं. : ७६४/०७७/०७८
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय बागमती प्रदेश भरतपुर, चितवन
दर्ता मिति : २०७७/०९/०३
रजिष्टर्ड ठेगाना : चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६१४६११२३२

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) यदु कुमार लम्सालको नाति बैकुण्ठनाथ लम्सालको छोरा चितवन जिल्ला रत्ननगर वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **रामनाथ लम्साल** (ना.प्र.नं. : ४६५४/०४४ जारी मिति र जिल्ला : २०५७/१०/१८, चितवन)

२) खडानन्द लम्सालको नाति यदु कुमार लम्सालको छोरा चितवन जिल्ला मंगलपुर वडा नं. ४ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **बैकुण्ठनाथ लम्साल** (ना.प्र.नं. : ९६० जारी मिति र जिल्ला : २०४६/०३/०६, चितवन)

३) दामोदर न्यौपानेको छोरी बैकुण्ठनाथ लम्सालको बुहारी रामनाथ लम्सालको पत्नी चितवन जिल्ला रत्ननगर वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **सुनिता लम्साल** (ना.प्र.नं. : ३५३०२०/९५५ जारी मिति र जिल्ला : २०६३/१०/१३, चितवन)

४) एकानन्द खनालको छोरी यदु कुमार लम्सालको बुहारी बैकुण्ठनाथ लम्सालको पत्नी चितवन जिल्ला मंगलपुर वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **योग माया लम्साल** (ना.प्र.नं. : २०१७ जारी मिति र जिल्ला : २०४६/०३/०६, चितवन)

५) बैकुण्ठनाथ लम्सालको नाति रामनाथ लम्सालको छोरा चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १० बस्ने **सुराग लम्साल** (ना.प्र.नं. : ३५-०१-७५-०४७५८ जारी मिति र जिल्ला : २०७५/०४/०१, चितवन)

**ख) कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा तथा मोर्टगेज आवधिक कर्जा**

**ऋणीको विवरण**

यदु कुमार लम्सालको नाति बैकुण्ठनाथ लम्सालको छोरा चितवन जिल्ला रत्ननगर वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **रामनाथ लम्साल** (ना.प्र.नं. : ४६५४/०४४ जारी मिति र जिल्ला : २०५७/१०/१८, चितवन)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) खडानन्द लम्सालको नाति यदु कुमार लम्सालको छोरा चितवन जिल्ला मंगलपुर वडा नं. ४ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **बैकुण्ठनाथ लम्साल** (ना.प्र.नं. : ९६० जारी मिति र जिल्ला : २०४६/०३/०६, चितवन)

२) दामोदर न्यौपानेको छोरी बैकुण्ठनाथ लम्सालको बुहारी रामनाथ लम्सालको पत्नी चितवन जिल्ला रत्ननगर वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **सुनिता लम्साल** (ना.प्र.नं. : ३५३०२०/९५५ जारी मिति र जिल्ला : २०६३/१०/१३, चितवन)

३) एकानन्द खनालको छोरी यदु कुमार लम्सालको बुहारी बैकुण्ठनाथ लम्सालको पत्नी चितवन जिल्ला मंगलपुर वडा नं. ८ हाल, रत्ननगर न.पा. वडा नं. १० बस्ने **योग माया लम्साल** (ना.प्र.नं. : २०१७ जारी मिति र जिल्ला : २०४६/०३/०६, चितवन)

४) बैकुण्ठनाथ लम्सालको नाति रामनाथ लम्सालको छोरा चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १० बस्ने **सुराग लम्साल** (ना.प्र.नं. : ३५-०१-७५-०४७५८ जारी मिति र जिल्ला : २०७५/०४/०१, चितवन)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# कोवाङ-जोमसोम सडक निर्माणमा ढिलासुस्ती

मुस्ताङ (रासस)- कोरला नाका जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडकअन्तर्गत मुस्ताङको कोवाङ–जोमसोम सडकखण्डको काम सुरु भएको सात वर्ष हुँदा पनि पूरा हुन सकेको छैन । आर्थिक वर्ष २०७३/०७४ मा ठेक्का सम्झौता भएको (बेनी-जोमसोम) चौथो खण्ड सम्बन्धित निर्माण कम्पनीले ढिलासुस्ती गर्दा कालोपत्रे अलपत्र बनेको हो ।

आयोजनाका सूचना अधिकारी इन्जिनियर विष्णु चापागाईंका अनुसार निर्माण कम्पनीले काममा ढिलासुस्ती गरेपछि पाँच महिनाअघि नै कारबाहीको प्रक्रिया अगाडि बढाइसकिएको छ । पछिल्लो म्याद असोज महिनामा सकिएकाले निर्माण कम्पनीलाई ठेक्का लागतको दैनिक (०.०५) प्रतिशत हर्जाना लाग्ने गरी जरिवाना रकम तोकेर विभागीय कारबाही अघि बढाइएको आयोजनाका सूचना अधिकारी चापागाईंको भनाइ छ । तर प्रक्रिया अघि बढाएपछि भने निर्माण कम्पनी काममा फर्किएको उनले बताए ।

'निर्माण कम्पनी काममा फर्किएको छ, केही स्थानमा सडक संरचना निर्माण सुरु गरेको छ,' सूचना अधिकारी चापागाईंले भने, 'निर्माण कम्पनीले तीव्र गति दिएर काम गरेमा एक महिनाभित्रै कालोपत्रेको काम सकिन्छ, हामीले पनि निरन्तर अनुगमन गरिरहेका छौं ।'

कोवाङ-जोमसोम सडक कालोपत्र तथा संरचना निर्माणका लागि पप्पु-गौरी पार्वती-कोशी एण्ड न्यौपाने जेभीले ७० करोडमा ठेक्का सम्झौता गरेको थियो । भौगोलिक विकटता, कोरोना महामारीलगायतका कारण देखाउँदै निर्माण कम्पनीले ढिलासुस्ती गर्दै आएको थियो । कोवाङ-जोमसोम सडकखण्डमा १७ किमि सडकमा कालोपत्रेका लागि यसअघि ६ पटकसम्म म्याद थप भइसकेको छ ।

सुरुआति चरणमा कालोपत्रे गर्दै आएको कोशी एन्ड न्यौपाने जेभीले सडक निर्माण गर्न नसकेपछि जेभीको मुख्य प्रतिनिधित्व गर्ने गौरी पार्वती (कोवाङ-जोमसोम) काममा फर्किएको थियो ।